(Nepali Version)

# हङ्कङ्मा युवा सेवा, लागूपदार्थ उपचार तथा पुनर्स्थापना सेवा र सामुदायिक विकास सेवाहरूको संक्षिप्त विवरण

## सेवा निर्देशन

- युवाहरूका विविध तथा बदलिँदो आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि हामीले **समग्र तथा एकिकृत उपाय** भएको सेवा अपनाउँछौं।

- युवाहरूलाई परिपक्व, जिम्मेवार तथा समाजमा योगदान दिने सदस्य बन्नमा सहयोग प्रदान गर्न उनीहरूका लागि वृहत क्षेत्रमा **रोकथाममूलक, विकासमूलक तथा सुधारात्मक सेवाहरू** सञ्चालन गर्नका लागि सामाजिक कल्याण विभाग (सोसल वेलफेयर डिपार्टमेन्ट) ले गैर-सरकारी संस्थाहरूलाई अनुदान दिने तथा अनुगमन गर्ने गर्दछ।

## A. हङ्कङ्का मुख्य युवा सेवाहरू

### द्रुत पहिचान तथा सहयोग

#### *एकिकृत बाल तथा युवा सेवा केन्द्रहरू*

- छरछिमेकका 6 तथा 24 वर्ष बीचका बालबालिका तथा युवाहरूमा सेवा पुर्‍याउनका लागि एकिकृत बाल तथा युवा सेवा केन्द्रहरू (ICYSCs) को स्थापना गरिएको छ। सेवाहरूलाई समग्रताका आधारमा उपलब्ध गराइन्छ। ICYSC हरूद्वारा मार्गदर्शन तथा परामर्श, सहायतामूलक कार्यक्रम, विकासात्मक तथा सामाजिकीकरण कार्यक्रमहरू साथसाथै सामुदायिक संलग्नता कार्यक्रमहरू लगायत विभिन्न मञ्चहरू (जस्तै, केन्द्र, विद्यालय वा समुदाय) मा सामाजिक कार्य सहयोग रणनीतिहरू (केसवर्क, सामूहिक कार्य र सामुदायिक कार्य लगायत) लाई स्थिति अनुरूप उपयोग गरेर, रणनैतिक सम्बन्ध विकसित गरेर र सूचना प्रविधिलाई (उपयुक्त हुँदासम्म) प्रयोग गरेर विभिन्न प्रकारका कार्यक्रमहरू उपलब्ध गराइन्छ। ICYSC हरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

#### *माध्यमिक विद्यालयहरूमा विद्यालयको सामाजिक कार्य सेवा*

- विद्यालयको सामाजिक कार्य सेवालाई माध्यमिक विद्यालय (सेकेण्डरी स्कुल) हरूमा "**प्रत्येक विद्यालयका लागि दुईजना स्कुल सोसल वर्कर**" को नीति अनुसार कार्यान्वयन गरिन्छ। प्रत्येक माध्यमिक दिवा विद्यालयमा आवश्यकतामा रहेका विद्यार्थीहरूलाई पहिचान गर्न र उनीहरूलाई शैक्षिक, सामाजिक वा भावनात्मक समस्याहरूमा सहयोग गर्नका लागि दुईजना पूर्णकालीन सोसल वर्करहरू उपलब्ध गराइन्छ। कृपया सोधपुछहरूका लागि सम्बन्धित विद्यालयलाई सम्पर्क गर्नुहोस्।

*नियमित विद्यालय समय पछिको स्याहार कार्यक्रम*

- नियमित विद्यालय समय पछिको स्याहार कार्यक्रम (ASCP) ले **हङकङका निवासीहरू रहेका प्राथमिक विद्यालयका विद्यार्थीहरू (विशेष शैक्षिक आवश्यकताहरू (SEN) चाहिने भनेर निदान गरिएका विद्यार्थीहरू वा SEN चाहिने भनेर शङ्का गरिएका र चिकित्सकीय मूल्याङ्कन गर्न बाँकी रहेका विद्यार्थीहरू सहित) का लागि सहायतामूलक सेवाहरू** उपलब्ध गराउने लक्ष्य राख्दछ। उनीहरूका आमाबुवाहरू विद्यालय पछिको समयमा रोजगारी, कामको खोजी वा अन्य कारणहरूले गर्दा उनीहरूलाई उचित स्याहार उपलब्ध गराउन असमर्थ हुन सक्नुहुन्छ। सेवाहरूमा गृहकार्यमा मार्गनिर्देशन, अभिभावक मार्गनिर्देशन तथा शिक्षा, सीपमूलक तालिम र सामाजिक क्रियाकलापहरू पर्दछन्। केन्द्रहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

- ASCP केन्द्रहरू **स्व-वित्तीय तथा शुल्क-लगाउने** आधारमा सञ्चालित रहन्छन्। शुल्क छूट अनुदान योजना अन्तर्गत, SWD ले कम आय भएका परिवारहरूका बालबालिकाका लागि ASCP मा उपस्थित हुन पूर्ण शुल्क छूट, आधा शुल्क छूट वा एक-तिहाइ शुल्क छूट भएका अनुदानहरू उपलब्ध गराउँछ। आवश्यकतामा रहेका र योग्य परिवारहरूले आवेदन दिने सम्बन्धमा सिधै केन्द्रहरूमा सम्पर्क गर्न सक्छन्।

- लामो समयसम्म/अनियमित समयमा, सप्ताहान्तहरूमा काम गर्ने वा जनशक्तिमा सहभागी हुन इच्छा भएका अभिभावकहरूको सहायतालाई अझ बढी बनाउनका लागि, डिसेम्बर 2014 बाट सुरु हुनेगरी, SWD ले केही ASCP केन्द्रहरूमा कामका दिनहरूको साँझ, शनिबार, आइतबार र विद्यालय बिदा हुने दिनहरूमा सेवाको समयलाई बढाएर र शुल्कमा थप छुट/घटाइएका कोटाहरू उपलब्ध गराएर परिष्कृत ASCP लाई कार्यान्वयन गरेको छ।

<u>सही समयमा सहायता</u>

*डिस्ट्रिक्ट युथ आउटरिचिङ सोशल वर्क सर्भिस*

- डिस्ट्रिक्ट युथ आउटरिचिङ सोशल वर्क टोलीलाई क्षेत्रव्यापी आधारमा 6 देखि 24 वर्ष बीचका परम्परागत सामाजिक वा युवा क्रियाकलापहरूमा सामान्यतया सहभागी नहुने तथा अवान्छनीय प्रभावहरूको खतरामा हुने युवाहरूसम्म **पुगेर परामर्श तथा मार्गनिर्देशनहरू** उपलब्ध गराउने जिम्मा दिइन्छ। उच्च-जोखिममा रहेका युवाहरूका आवश्यकताहरूलाई सम्बोधन गर्न तथा अल्पवयस्कहरूको गिरोहका समस्याहरूको समाधान गर्नका लागि यो कार्यक्रम प्रभावकारी छ। टोलीहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

*ओभरनाइट आउटरिचिङ् सर्भिस फर यङ नाइट ड्रिफ्टर्स*

- ओभरनाइट आउटरिचिङ सर्भिस फर यङ नाइट ड्रिफ्टर्स क्षेत्रव्यापी आधारमा सम्भावित नैतिक खतराको सम्पर्कमा आएका **उच्च-जोखिममा रहेका रात्री युवा फिरन्तेहरू**सम्म पुग्नका लागि उपलब्ध गराइन्छ। टोलीहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

*साइबर युवा सहायता टोलीहरू*

- साइबर युवा सहायता टोलीहरूलाई अनलाइन तथा अफलाइन परामर्श र सामूहिक/कार्यक्रम सेवाहरू लगायत **जोखिममा परेका र लुक्ने प्रवृति भएका युवाहरू**का लागि व्यावसायिक सामाजिक कार्य सहयोग उपलब्ध गराइन्छ। उनीहरूले

जोखिममा रहेका र लुक्ने प्रवृति भएका युवाहरूका आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि प्रोत्साहन दिने विभिन्न क्षेत्रहरूको सहकार्यमा अन्य सामुदायिक सरोकारवाला तथा संस्थाहरूसँग साझेदारी गर्नेछन् । टोलीहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

***जोखिममा रहेका युवाका लागि हटलाइन सेवाहरू***

- हङकङ फेडरेशन अफ युथ ग्रुप्सद्वारा सञ्चालित हटलाइन सेवा **(2777 8899)** ले जोखिममा रहेका युवाहरूलाई **टेलिफोन सम्पर्कका** माध्यमबाट तात्कालिक परामर्श प्रदान गर्दछ । फोनबाट सम्पर्क गर्ने व्यक्तिलाई प्रदान गरिने सेवाहरूमा टेलिफोनद्वारा मार्गनिर्देश तथा परामर्श, तत्कालै सहयोगका लागि प्रत्यक्ष व्यक्तिगत परामर्श र अन्य उपयुक्त सेवा एकाइहरूमा रेफरलहरू पर्दछन् ।

***बालबालिका र युवा विकासका लागि डिस्ट्रिक्ट सहायता योजना***

- योजनाको लक्षित वर्गहरूमा डिस्ट्रिक्टहरूमा वित्तीय रूपमा वञ्चित वा पिछडिएका परिस्थितिहरूमा रहेका 24 वर्ष वा सोभन्दा कम उमेरमा बालबालिका तथा युवाहरू पर्दछन् । बालबालिका र युवालाई उनीहरूका विकाससम्बन्धी आवश्यकताहरूलाई पूरा गर्नका लागि व्यक्तिगत वस्तुहरूमा लाग्ने खर्चहरूमा सहायता गर्नका लागि श्रोतसाधनहरूलाई **प्रत्यक्ष नगद सहायता**को रूपमा वितरण गरिन्छ । केसवर्कसम्बन्धी सेवाहरू प्राप्त गरिरहेका आवश्यकतामा रहेका सेवाग्राहीहरूले विवरणका लागि आफ्नो सम्बन्धित सोसल वर्करलाई भेट्न सक्नेछन् ।

युवाहरूलाई पुन: उचित मार्गतर्फ लैजाने

***सामुदायिक सहायता सेवा योजना***

- सामुदायिक सहायता सेवा योजना (CSSS) ले पक्राउ परेका युवा तथा उनीहरूको साथीहरूलाई समुदायमा पुन: समाहित गराउन, आफ्ना विकृत तथा गैरकानुनी व्यवहारलाई छुटाउन र कानूनी उल्लङ्घनमा सम्मिलित हुने सम्भावनालाई कम गर्नमा सहयोग गर्नका लागि पुलीस सुप्रिन्टेन्डेन्टको डिस्क्रिशन स्किम अन्तर्गत चेतावनी दिइएका बालबालिका तथा युवाहरूलाई सहायता सेवाहरू उपलब्ध गराउने लक्ष्य राख्दछ । सेवाहरूमा व्यक्तिगत तथा पारिवारिक परामर्श, उपचारात्मक समूहहरू, सीपमूलक तालिम/शैक्षिक सेवाहरू, सामुदायिक सेवाहरू, अपराध रोकथाम कार्यक्रमहरू इत्यादि पर्दछन् । उच्चतम सहक्रियता प्राप्त गर्नका लागि, प्रत्येक CSSS टोलीलाई एकीकृत बाल तथा युवा सेवा केन्द्रहरूमा संलग्न गरिएको छ । टोलीहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

## B. लागूपदार्थ उपचार तथा पुनर्स्थापना सेवाहरू

***नशालु पदार्थ सेवनकर्ताहरूका लागि परामर्श केन्द्र***

- साइकोट्रपिक (नशालु) पदार्थ सेवनकर्ताहरूका लागि परामर्श केन्द्रले **लत लागेका/कहिलेकाहीँ/सम्भाव्य नशालु पदार्थ सेवनकर्ताका साथै जोखिममा रहेका युवाहरूलाई** साइकोट्रपिक पदार्थ सेवन गर्नबाट टाढा रहन र स्वस्थ जीवनशैली विकास गर्नमा मद्दत गर्ने उद्देश्यले परामर्श र सहयोग उपलब्ध गराउने लक्ष्य राख्दछ । सेवाहरूमा (i) नशालु

पदार्थ सेवनकर्ता र उनीहरूका परिवारका सदस्यहरूलाई केस तथा सामूहिक परामर्श; (ii) साथी सहायता सेवा; (iii) माध्यमिक विद्यालय, माध्यमिक तहपछिका शैक्षिक संस्था तथा व्यावसायिक तालिमका संघसंस्थाहरूका विद्यार्थीहरू र समुदाय स्तरमै सर्वसाधारणहरूका लागि नियमित रोकथाममूलक शैक्षिक कार्यक्रम; (iv) सम्बद्ध पेशेवरहरूका लागि व्यावसायिक तालिम; (v) शीघ्र पहिचान गर्न र शीघ्र उपचार गर्नका लागि आवश्यकतामा रहेका मानिसहरूका लागि स्थलगत चिकित्सकीय उपचार तथा पुनर्स्थापना सेवाहरू पर्दछन् । केन्द्रहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

***आवासीय लागूपदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरू***

- आवासीय लागूपदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरूले **स्वैच्छिक रूपमा आवासीय लागूपदार्थ उपचार, पुनर्स्थापना तथा सामाजिक एकीकरणमा सहभागी हुन** लागूपदार्थ सेवनकर्ताहरूलाई सेवा उपलब्ध गराउँछ । निरन्तर सेवा तथा नियमित सेवाको समयपछिका व्यवस्थाहरूका साथ, यसले लागूपदार्थ सेवनर्ताहरूलाई लागूपदार्थको लत हटाउन, व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन, जीवनमा नयाँ दिशा निर्माण गर्न तथा समुदायमा पुन: समाहित हुनमा मद्दत गर्ने लक्ष्य राख्दछ । आर्थिक सहायता प्राप्त गर्ने केन्द्रहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

***लागूपदार्थ परामर्श केन्द्र***

- लागूपदार्थ परामर्श केन्द्रले **लागूपदार्थ सेवनकर्ता**हरूलाई लागूपदार्थ सेवनबाट टाढा रहन, **पूर्व-लागूपदार्थ सेवनर्ताहरू**लाई लागूपदार्थबाट टाढै रहिरहन र **लागूपदार्थ सेवन गरिरहेका तथा पूर्व लागूपदार्थ सेवनकर्ताहरूका परिवारका सदस्यहरू**लाई लागूपदार्थको सेवनबाट उत्पन्न समस्याहरू समाधान गर्नमा सहयोग प्रदान गर्ने लक्ष्य राख्दछ । सेवाहरूमा (i) व्यक्तिगत तथा सामूहिक परामर्श; (ii) सामूहिक क्रियाकलापहरू; (iii) साथी सहायता सेवा; (iv) विभिन्न लक्षित समूहहरूका लागि रोकथाममूलक शैक्षिक सेवाहरू; र (v) शीघ्र पहिचान गर्न र शीघ्र उपचार तथा पुनर्स्थापना सेवाहरू प्राप्त गर्न लागूपदार्थ सेवनकर्ताहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थलगत चिकित्सकीय उपचार सेवा समावेश हुन्छन् । केन्द्रहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

## C. सामुदायिक विकास सेवाहरू

***सामुदायिक केन्द्र***

- सामाजिक सम्बन्ध तथा आपसी सहयोगको प्रवर्द्धन गर्ने; आत्मनिर्भरताको भावना, सामाजिक जिम्मेवारी तथा समुदायमा एकजुटताको विकास गर्ने; तथा सामुदायिक समस्याहरूको समाधान गर्न र जीवनस्तरमा सुधार ल्याउन व्यक्ति तथा परिवारलाई समर्थ बनाउने सामुदायिक केन्द्र **सबै उमेर समूहहरूका लागि केन्द्रविन्दु** हो । केन्द्रहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस् ।

***नेवरहुड लेभल कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट (NLCDP)***

- नेवरहुड लेभल कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट (NLCDP) कल्याणकारी सेवा तथा सुविधाहरू अपर्याप्त वा हुँदै नभएका **वञ्चित तथा अस्थायी समुदायहरू**मा सेवा पुऱ्याउनका लागि हो । समुदायका जोखिममा परेका समूहहरूलाई सेवा दिन धेरैवटा समुदायमा आधारित सेवाहरूको सञ्चालनका साथै अस्थायी आवास क्षेत्र, सुकुम्बासी क्षेत्र तथा सार्वजनिक

आवास क्षेत्रहरू इत्यादि हटाउने कार्यक्रममा क्रमशः कमी आउने भएकोले NLCDP सेवा चरणबद्ध रूपमा हट्दै जानेछ भन्ने अपेक्षा गरिन्छ। टोलीहरूको सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

***स्याहार तथा सहायता नेटवर्किङ टोली (CSNT)***

- स्याहार तथा सहायता नेटवर्किङ टोलीले मुख्यत: **वेस्ट कोलुनका पूर्व-अपराधीर, पूर्व मानसिक रोगी तथा सडकमा सुत्नेहरू**लाई बाह्य पहुँच, सहायता, केसवर्क तथा सामूहिक कार्य सेवाहरूका माध्यमबाट समुदायमा पुन: समाहितगराउनमा सहायता प्रदान गर्ने लक्ष्य लिएको छ। टोलीहरूका सूचीका लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk हेर्नुहोस्।

युथ सेक्सन (Youth Section)
युथ एण्ड करेक्सन्स ब्रान्च (Youth and Corrections Branch)
सामाजिक कल्याण विभाग (Social Welfare Department)
मार्च 2021